नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

फोन नं. ०१-४२११०३२
०१-४२१११३२
०१-४२११००४
ईमेल : npc@npc.gov.np
वेब : www.npc.gov.np

## मिति २०८२ भदौ २७ देखी २०८२ चैत १२ सम्म राष्ट्रिय योजना आयोगबाट भएको कार्य सम्पादन विवरणः-

१. २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन प्रतिवेदन तयार गरी नेपाल सरकारमा पेश गरिएको।

२. २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको पुनर्निर्माण कार्य योजना तयार गरी अर्थ मन्त्रालय पेश गरिएको।

३. सोह्रौं योजना (आ.व. २०८१/८२-२०८५/८६) को कार्यान्वयन कार्य योजना तयार गरी नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गरिएको र नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई कार्यान्वयनमा आएको।

४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा व्यवस्था भएको स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्ष(२०८३/८४-२०८५/८६) को बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचना खाका र राष्ट्रिय गौरवको आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता सहित आवश्यक रकम समेत उल्लेख गरी तयार गरिएको **"आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमाका लागि कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन"** अर्थ मन्त्रालयमा पठाइएको।

५. सरकारी ऋणपत्र व्यवस्थापनको वर्तमान अवस्था र दोस्रो बजारमा कारोबार गर्ने सम्बन्धी समस्या तथा चुनौति सम्बन्धमा सरोकारवालाहरु सँग माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा छलफल गरिएको।

६. अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति सम्बन्धमा सरकारी निकाय, निजी क्षेत्र तथा विज्ञहरूसँग अन्तरक्रिया गरिएको।

७. LDC Graduation Smooth Transition Strategy मा भएको कार्य योजनाहरुको समीक्षा प्रतिवेदन तयार भएको।

८. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति सम्बन्धी उच्च स्तरीय निर्देशक समिति गठन गरिएको।

फोन नं. ०१-४२११०३२
०१-४२१११३२
०१-४२११००४
ईमेल : npc@npc.gov.np
वेब : www.npc.gov.np

९. अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति सम्बन्धमा आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा रहेको कार्यान्वयन तथा समन्वय समिति र अनुगमन तथा मूल्याङ्कन समितिको बैठक वसी सहज कार्यान्वयन रणनीतिको कार्यान्वयन अवस्थाको समीक्षा गरिएको।

१०. अतिकम विकसित राष्ट्र सम्बन्धी दोहा कार्ययोजना (२०२२-२०३१) को मध्यावधि समीक्षा गरी प्रतिवेदन तयार गरिएको।

११. दिगो विकास लक्ष्य सम्बन्धी एसिया प्रशान्त क्षेत्रीय दिगो विकास मञ्च (Asia Pacific Forum on Sustainable Development) को तेह्रौं सत्रमा आयोगमा माननीय उपाध्यक्षको नेतृत्वमा सहभागी भएको।

१२. राष्ट्रिय आयोजना बैंक सूचना व्यवस्थापन प्रणाली र समपूरक तथा विशेष अनुदान व्यवस्थापन प्रणाली सुदृढीकरण गरिएको।

१३. आयोजना बैंकमा आयोजना प्रविष्टिमा संलग्न हुने संघीय निकाय/मन्त्रालयका कर्मचारीहरुलाई प्रणाली संचालन सम्बन्धमा अभिमूखिकरण तथा क्षमता विकास कार्यक्रम संचालन गरिएको।

१४. रोजगारी तथा सामाजिक सुरक्षा प्रणाली सम्बन्धी राष्ट्रिय मार्गचित्र (National roadmap for Jobs and Social Protection) को मस्यौदा तयार गरिएको।

१५. UNICEF को सहयोगमा सामाजिक सुरक्षा भत्ता वितरणको प्रभाव अध्ययन सम्पन्न गरिएको।

१६. विकास पत्रिका वर्ष ४२ अंक १ (पुस) प्रकाशन गरिएको।

१७. स्थानीय तहमा खाद्य प्रणाली रुपान्तरण रणनीतिक योजनाको स्थानीयकरण सम्बन्धी विषयमा कास्की र कपिलवस्तुमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।

१८. २०८२ पुस २-९ गतेसम्म मन्त्रालयहरुसँग भौतिक रुपमा र पुस १६-१७ गतेसम्म सात वटै प्रदेशसँग भर्चुअल रुपमा National Development Action Committee-NDAC को पूर्व तयारी बैठक सम्पन्न भई सोको प्रतिवेदन तयार गरिएको।

१९. राष्ट्रिय गौरवको आयोजनाको कोशी कोरिडोर, कर्णाली कोरिडोर तथा मध्यपहाडी लोकमार्गको रामेछाप र सिन्धुपाल्चोक सडक खण्डको स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गरिएको।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरवार, काठमाडौं

फोन नं. ०१-४२११०३२, ०१-४२१११३२, ०१-४२११००४
ईमेल : npc@npc.gov.np
वेब : www.npc.gov.np

२०. आ.व. २०८१।८२ को राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन तयार गरिएको।

२१. आ.व. २०८१।८२ को राष्ट्रिय गौरवका आयोजनाको वार्षिक प्रतिवेदन तयार गरिएको।

२२. समपूरक र विशेष अनुदान अन्तर्गत आठ वटा स्थानीय तहमा सञ्चालित १९ वटा आयोजनाको स्थलगत अनुगमन सम्पन्न भएको।

२३. आयोजनाको बहुवर्षिय ठेक्का सहमति मापदण्ड, २०८२ को लागि अर्थ मन्त्रालयमा राय सुझाव पठाइएको।

२४. सवारी चालक अनुमति पत्र (लाइसेन्स) जारी गर्ने, नवीकरण, छपाई लगायतका विषयहरु सम्बन्धमा सहजीकरणका लागि बैठक बसी निर्णयहरुको परिपत्र गरिएको।

२५. सुर्खेत-दैलेख बजार-महाबुलेक- गाल्जे भातडी, रतडा नाग्म-गमगढी-नाक्चेनाग्ना सडक निर्माण/स्तरोन्नतिका लागि अर्थ मन्त्रालयलमा बहुवर्षिय स्रोत सहमतिको लागि सिफारिस गरिएको।

२६. पोषणयुक्त खाद्यपदार्थमा नागरिकको पहूँच र लागत लेखाजोखा (Cost and affordability analysis of nutrition Diet) सम्बन्धी अध्ययनको प्रारम्भिक नतिजाको प्रस्तुती एवं सरोकारवालाहरूसँग छलफलका लागि प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम कर्णाली प्रदेशमा सम्पन्न गरिएको।

२७. बुढी गण्डकी जलविद्युत आयोजनाको लगानी मोडालीटी सम्बन्धमा समष्टिगत आर्थिक स्थायित्व, वित्तीय तथा वातावरणीय जोखिम, तोकिएको समयमा आयोजना सम्पन्न हुने सुनिश्चितता समेतका विषयमा अर्थ मन्त्रालयबाट थप विश्लेषण गरी मोडालिटी निर्धारण गर्न उपयुक्त हुने राय/सुझाव अर्थ मन्त्रालय पठाइएको।

२८. आयोजना बैकमा प्राप्त भएका आयोजनाहरु मध्ये मापदण्ड पूरा गरेको रु १ अर्ब भन्दा माथिका लागत भएका १४ वटा , रु ३ करोड देखि १ अर्ब सम्म लागत भएका १२० वटा र अध्ययनका २४८ वटा आयोजनाहरु आयोजना बैकमा प्रविष्टिको लागि स्वीकृत गरिएको।